# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०६।११ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी श्याम किशोर मण्डलसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादीहरु श्याम किशोर मण्डल र रंजिता झा** उपर भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा (१) (ग) र (ङ) बमोजिमको कसूरमा रू.१,४८,९१०।- (एक लाख अढचालीस हजार नौ सय दश रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी सोही दफा बमोजिम बिगो समेत असुल हुन,

**प्रतिवादीहरु नवोनारायण मिश्र, रतन साह र कमरुल खातुन** उपर भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा रु.१,४८,९१०।- (एक लाख अढचालीस हजार नौ सय दश रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा

विशेष अदालतको मिति २०८०/११/१३ को फैसलाबाट निम्न आधारमा सफाई दिएकोः-

- सडक निर्माणको कार्यको गुणस्तर कम गरिएको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पेश गरेको प्रतिवेदनमा उल्लेख गरेको नपाइएको।
- प्रतिवादीहरुले आफूहरुले आरोप दाबी बमोजिमको कसूर नगरेको भन्ने बेहोरा उल्लेख गरी अदालत र अनुसन्धानको क्रममा गरेको बयानमा समेत आरोपित कसूरमा इन्कार भएको देखिएको ।
- चालु अवस्थामा रहेको सडकको मोटाई चार वर्षपछि सो सडकमा हिड्ने सवारी साधन तथा प्राकृतिक कारणबाट पनि यथास्थितिमा नरहनु स्वभाविक हुने।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।११ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं.१ स्थित एकरहिया कृषि सडक ओलारदेखि खैरवा कृष्ण ठाकुर पथ सम्मको सडकमा पि.सि.सि. ढलान गर्ने कार्यमा स्थलगत निरीक्षण गरी उक्त पि.सि.सि. ढलान गर्ने कार्यको फिल्ड नापजाँच गरी नापी किताबमा जनाएको परिमाण र फिल्ड नापजाँचबाट प्राप्त परिमाणमा फरक देखिएका परिमाणहरुको मूल्याङ्कन गर्दा पि.सि.सि.(१:२:४) कार्यमा १३.७० घन मिटर बराबरको कैफियत रहेको। उक्त सडकको पि.सि.सि. (१:२:४) कार्यको नापी किताबमा उल्लेख भएको २८७.६५ घन मिटर परिमाणसँग तुलना गर्दा फिल्डमा वास्तविक काम २७३.९५ घन मिटर मात्र भई १३.७० घन मिटर कम काम भएको देखिन आएको हुँदा प्रति घन मिटर रू.१०,८७२।०२ का दररेटले हिसाब गर्दा जम्मा रू.१,४८,९१०।- (एक लाख अढचालीस हजार नौ सय दश रूपैंया मात्र) बढी भुक्तानी दिई सरकारी रकम हिनामिना गरेको तथ्य उक्त गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त लागत इस्टिमेट, योजना सम्झौता, प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन, भुक्तानी विवरणबाट देखिएको तथा प्रतिवेदकले अदालत समक्ष मौकाको प्रतिवेदन व्यहोरालाई सनाखत र समर्थित गर्दै गरेको बकपत्र समेतबाट पुष्टी भएकोमा फैसलाले यी तथ्यलाई विषयान्तर गरी उक्त सडक निर्माणको कार्यको गुणस्तर कम गरिएको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पेश गरेको प्रतिवेदनमा उल्लेख गरेको नपाइएको भन्ने असान्दर्भिक र अपुष्ट निर्णयाधार लिई प्रतिवादीहरुलाई आरोपदाबीबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

- मौकाको बयानमा प्रतिवादी रंजिता झाले आफूले कार्य चापले गर्दा एक-एक गरी कागज हेर्न नसकेको र कर्मचारीको विश्वासमा परी भुक्तानी गरेको हो भनी अदातलमा उपस्थित भै बयान गर्दा समेत सो तथ्यलाई स्वीकार गरेको। प्रतिवादी श्याम किसोर मण्डलले अनुसन्धानको क्रममा बयान गर्दा आफूले उक्त सडक ढलान कार्यको प्राविधिक बिल र कार्य सम्पन्न प्रतिवेदन सनाखत गर्दै अफिसमा कोर कटिङ्ग नभएकोले छेउ छेउमा नापी गरी एमबि तयार गरी मूल्याङ्कन गरेको हो।आयोगबाट भएको टोलीले गरेको मूल्याङ्कनमा कसरी फरक पर्यो थाहा भएन भनी आफूले गरेको कार्य त्रुटिरहित नरहेकोमा समर्थित रहेको, निर्माण उपभोक्ता समितिका अध्यक्ष प्रतिवादी नवोनारायण मिश्र,सचिव कमरुल खातुन र कोषाध्यक्ष रतन साह समेतले प्राविधिक नापजाँचको कुरा हामीलाई थाहा भएन भन्ने समेत ब्यहोराको बयान व्यहोरा उल्लेख गरेको र सोही समेतको बयान अदातलमा समेत गरेको अवस्थाबाट निजहरुले आफूहरुले उक्त निर्माण कार्यमा आर्थिक एवम् प्राविधिक पक्षलाई वेवास्ता गरी एक आपसमा मिलेमतो गरी गैरजिम्मेवार रुपमा प्रस्तुत भई भ्रष्टाचार गरेको तथ्यलाई खण्डित गर्न नसकिरहेको अवस्था मिसिल संलग्न समग्र आधार प्रमाणबाट पुष्टि भैरहेको अवस्थामा निज प्रतिवादीहरुले गरेको कसूरको सजायबाट बच्ने उद्देश्यले कसूरमा इन्कारी बयान गर्नु अस्वाभाभिक नहुने र निज प्रतिवादीहरुको उक्त इन्कारी बयानलाई मुख्य आधार लिई कसूर नगरेको भन्ने बेहोरा उल्लेख गरी अदालत र अनुसन्धानको क्रममा गरेको बयानमा समेत आरोपित कसूरमा इन्कार भएको देखिएको भनी कसूरबाट उन्मूक्ति दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको ।

सहायक प्रवक्ता<br>देवी प्रसाद थपलिया

**<u>देहायः</u>**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | रंजिता झा,श्याम किशोर मण्डल, नवोनारायण मिश्र, रतन साह र कमरुल खातुन<br><br>(विशेष अदालत मुद्दा नं.: ०८०-CR-०००६ फैसला मितिः- २०८०।११।१३) | गैरकानूनी लाभ वा हानि पुर्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको । | प्रतिवादीहरु श्याम किसोर मण्डल र रंजिता झा उपर भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा (१) (ग) र (ङ) बमोजिमको कसूरमा रू.१,४८,९१०।- (अक्षरेपी एक लाख अढचालीस हजार नौ सय दश रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी सोही दफा बमोजिम बिगो समेत असुल हुन मागदाबी लिईएको, प्रतिवादीहरु नवोनारायण मिश्र, रतन साह र कमरुल खातुन उपर भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा रु.१,४८,९१०।- (एक लाख अढचालीस हजार नौ सय दश रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन समेतको आरोपपत्र मागदाबी रहेको । | **फैसलाः-**<br>प्रतिवादीहरू रंजिता झा, श्यामकिशोर मण्डल, नवोनारायण मिश्र, रतन साह र कमरुल खातुनले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/११/१३ मा फैसला भएको ।<br><br>विशेष अदालत काठमाडौंले प्रतिवादीहरुलाई सफाई दिने गरी **<u>फैसला गर्दा निम्न आधार ग्रहण</u>** गरेको देखिन्छः<br>(क) उक्त सडक निर्माणको कार्यको गुणस्तर कम गरिएको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पेश गरेको प्रतिवेदनमा उल्लेख गरेको नपाइएको ।<br>(ख) प्रतिवादीहरुले आफूहरुले आरोप दाबी बमोजिमको कसूर नगरेको भन्ने बेहोरा उल्लेख गरी अदालत र अनुसन्धानको क्रममा गरेको बयानमा समेत आरोपित कसूरमा इन्कार भएको देखिएको ।<br>(ग) चालु अवस्थामा रहेको सडकको मोटाई चार वर्षपछि सो सडकमा हिड्ने सवारी साधन तथा प्राकृतिक कारणबाट पनि यथास्थितिमा नरहनु स्वभाविक हुने। | (क) जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं.१ स्थित एकरहिया कृषि सडक ओलारदेखि खैरवा कृष्ण ठाकुर पथ सम्मको सडकमा पि.सि.सि. सडक ढलान गर्ने कार्यको लागि लागत अनुमान रकम रु.४२,९२,१४७।११ भई मिति २०७४/१२/०२ गते बसेको बैठकद्धारा नवोनारायण मिश्र अध्यक्ष रहने गरी सात सदस्यीय उपभोक्ता समिति गठन गरी पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय महोत्तरी र उपभोक्ता समिति बीच गाउँपालिकाको कार्यालयले व्यहोर्ने रु.४०,००,०००/- र उपभोक्ता समितिले रु २,९२,१४७।११/- व्यहोर्ने गरी जम्मा रकम रु. ४२,९२,१४७.११/- को सम्झौता भई मिति २०७४/१२/२९ गते कार्य शुरु गरी मिति २०७५/०२/३० गतेसम्म कार्य सम्पन्न गर्ने गरी सो गाउँपालिकाको कार्यालयले उपभोक्ता समितिलाई कार्यादेश दिएकोमा पहिलो रनिङ्ग बिलको मूल्याङ्कन अनुसार तथा कार्य सम्पन्न प्रतिबेदन अनुसार गाउँ कार्यपालिकको कार्यालयबाट निर्माण उपभोक्ता समितिलाई कुल जम्मा रु.३८,२१,७३४/- भुक्तानी दिएको नापी किताब, रनिङ्ग बिल, कार्यसम्पन्न प्रतिबेदन तथा गोश्वरा भौचर लगायत मिसिल संलग्न कागजातहरुबाट देखिएको, सो उजुरीको सम्बन्धमा स्थलगत निरीक्षण गर्दा, नापी किताबमा जम्मा २८७.६५ घनमिटर कार्य भएको उल्लेख भएकोमा जम्मा २४५.५३४ घनमिटर मात्र कार्य भएको व्यहोरा उल्लेख भएको, शाखा अधिकृत भिम कुमार बस्नेत समेतले पेश गरेको प्राविधिक सहितको फिल्ड प्रतिवेदन तथा आदेशानुसार ईन्जिनियर प्रकाश चन्द्र यादव समेतको नेतृत्वमा खटी गएको टोलीले पुनः स्थलगत निरिक्षण गरी उक्त पि.सि.सि. ढलान गर्ने कार्यको फिल्ड नापजाँच गरी निर्माण कार्यको परिमाण हिसाब गर्दा नापी किताबमा जनाएको परिमाण र फिल्ड नापजाँचबाट प्राप्त परिमाणमा फरक देखिएका परिमाणहरुको मूल्याङ्कन गर्दा पि.सि.सि.(१:२:४) कार्यमा १३.७० घन मिटर बराबरको कैफियत रहेको पाइए अनुसार उक्त सडकको पि.सि.सि. (१:२:४) कार्यको परिमाण निकाली नापी किताबमा उल्लेख भएको २८७.६५ घन मिटर परिमाणसँग तुलना गर्दा फिल्डमा वास्तविक काम २७३.९५ घन मिटर मात्र भई सोको फरक निकाल्दा १३.७ घन मिटर कम काम भएको देखिन आएको हुँदा प्रति घन मिटर रू.१०,८७२।०२ का दररेटले हिसाब गर्दा जम्मा रू.१,४८,९१०।- (अक्षरेपी एक लाख अढचालीस हजार नौ सय दश रूपैंया मात्र) बढी भुक्तानी दिई सरकारी रकम हिनामिना गरेको तथ्य मिसिल संलग्न उक्त गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त लागत इस्टिमेट, योजना सम्झौता, प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन, भुक्तानी विवरण तथा प्रतिवेदकले अदालत समक्ष मौकाको प्रतिवेदन व्यहोरालाई सनाखत र समर्थित गर्दै गरेको बकपत्र समेतबाट पुष्टी भएकोले यी प्रतिवादीहरुले उक्त सडक निर्माण कार्यमा गैरकानूनी लाभ वा हानी पुर्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरी आरोपदाबीको कसूर गरेको तथ्य पुष्टि भैरहेको र आरोपपत्र समेत सोही विषयमा तथ्यपरक र वस्तुनिष्ठ रुपमा पेश गरिएकोमा प्रस्तुत फैसलाले सो तथ्यलाई विषयान्तर गरी उक्त सडक निर्माणको कार्यको गुणस्तर कम गरिएको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पेश गरेको प्रतिवेदनमा उल्लेख गरेको नपाइएको भन्ने असान्दर्भिक र अपुष्ट निर्णायाधार लिई प्रतिवादीहरुलाई आरोपदाबीबाट सफाई दिनेगरी भएको फैसला मिसिल संलग्न समग्र तथ्य प्रमाणको समूचित विश्लेषण र मूल्याङ्कन नभएका दृष्टिले त्रुटिपूर्ण रही बदरभागी रहेको ।<br><br>(ख) मौकाको बयानमा प्रतिवादी रंजिता झाले आफूले कार्य चापले गर्दा एक-एक गरी कागज हेर्न नसकिएको र कर्मचारीको विश्वासमा परी भुक्तानी गरेको हो भनी तथा अदातलमा उपस्थित भै बयान गर्दा समेत सो तथ्यलाई स्वीकारी सडक सरसर्ती हेर्दा राम्रोसंग नै निर्माण भएको देखी पेश भएको प्रतिवेदनका आधारमा भुक्तानी स्वीकृत गरेको भनी आफूले विवादित रकम भुक्तानी गरेको तथा आफ्नो जिम्मेवारीलाई संवेदनशीलतासाथ निर्वाह नगरे समेतका विषयमा साबित रही बयान गरेको तथा निजले सद्नियतले सो भुक्तानी गरेको भन्ने जिकिर प्रामाणिक रुपमा पुष्टि गर्न नसकेको अवस्था, प्रतिवादी श्याम किसोर मण्डलले अनुसन्धानको क्रममा बयान गर्दै आफूले उक्त सडक ढलान कार्यको प्राविधिक बिल र कार्य सम्पन्न प्रतिवेदन सनाखत गर्दै अफिसमा कोर कटिङ्ग नभएकोले छेउ छेउमा नापी गरी एमबि तयार गरी मूल्याङ्कन गरेको हो। आयोगबाट भएको टोलीले गरेको मूल्याङ्कनमा कसरी फरक पर्यो थाहा भएन भनी आफूले गरेको कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | त्रुटिरहित नरहेकोमा समर्थित रहेको र निजले अदालतको बयानमा समेत सो तथ्यलाई समर्थित गर्दै बयान गरेको अवस्था, उक्त ढलान योजना निर्माण उपभोक्ता समितिका अध्यक्ष रहेका प्रतिवादी नवोनारायण मिश्र, सचिव रहेका प्रतिवादी कमरुल खातुन र कोषाध्यक्ष रहेका प्रतिवादी रतन साह समेतले मौकाको बयानका क्रममा पिपरा गाउँपालिका सँग भएको सम्झौता बमोजिम सडक ढलान कार्य सम्पन्न भई उक्त योजना अन्तिम बिल भुक्तानी गर्दा जनश्रमदान र करहरु कट्टा गरी जम्मा रु.३८,७९,९२०/- रकम भुक्तानी पाएको, प्राविधिक नापजाँच को कुरा हामीलाई थाहा भएन भन्ने समेत ब्यहोराको बयान व्यहोरा उल्लेख गरेको र सोही समेतको बयान अदातलमा समेत गरेको अवस्थाबाट निज प्रतिवादीहरुले आफूहरुले उक्त निर्माण कार्यमा आर्थिक एवम् प्राविधिक पक्षलाई वेवास्ता गरी एक आपसमा मिलेमतो गरी गैरजिम्मेवार रुपमा प्रस्तुत भई आरोपपत्र बमोजिमको सडक निर्माण कार्यमा गैरकानूनी लाभ वा हानी पुर्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको तथ्यलाई प्रामाणिक रुपमा खण्डित गर्न नसकिरहेको अवस्था रही प्रतिवादी रंजिता झाले गलत नापी किताब स्वीकृत गरी निजकै आदेशबाट र.१,४८,९१०। बढी भुक्तानी दिएको, प्रतिवादी श्याम किसोर मण्डलले नभएको काम भएको भनी नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार पारी सही गरेको, उक्त निर्माण उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष रहेका प्रतिवादीहरु नवोनारायण मिश्र, कमरूल खातुन र रतन साहले नभए नगरेको बढी काम नापी किताबमा चढाई बढी भुक्तानी लिन प्रतिवादीहरु श्याम किसोर मण्डल र रंजिता झा समेतबाट नापी किताब र कार्य सम्पन्न प्रतिवदन स्वीकृत गराई रू.१,४८,९१०।- बढी भुक्तानी लिई सम्पूर्ण प्रतिवादीहरुले आरोपपत्र बमोजिमको कसूर गरेको मिसिल संलग्न समग्र आधार प्रमाणबाट पुष्टि भैरहेको अवस्थामा निज प्रतिवादीहरुले गरेको कसूरको सजायबाट बच्ने उम्कने नियत उद्देश्यले कसूरमा इन्कारी बयान गर्नु अस्वाभाभिक नहुने र निज प्रतिवादीहरुको उक्त इन्कारी बयानलाई मुख्य आधार लिई प्रतिवादीहरुले आफूहरुले आरोप दाबी बमोजिमको कसूर नगरेको भन्ने बेहोरा उल्लेख गरी अदालत र अनुसन्धानको क्रममा गरेको बयानमा समेत आरोपित कसूरमा इन्कार भएको देखिएको भनी प्रतिवादीहरुलाई निजहरुको कसूरबाट उन्मूक्ति दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको ।<br><br>(ग) विवादित सडकको पि.सि.सि ढलानको मोटाई तथा मापन समेत शुरु निर्माणकै समयमा त्रुटिपूर्ण रहेको तथ्य उक्त सडक निर्माणको प्राविधिक कार्य समेतको जिम्मवारीमा रहेका गाउँ कार्यपालिकाको कार्यालयका तत्कालिन सव-ईन्जिनियर प्रतिवादी श्याम किसोर मण्डलले मौकाको बयानका क्रममा (स.ज.१३ तथा १४ मा) अफिसमा कोर कटिङ्ग नभएकोले बाहिर छेउ छेउमा नापी गरी एमबि तयार गरी मूल्याङ्कन गरेको हो। आयोगबाट भएको टोलीले गरेको मूल्याङ्कनमा कसरी फरक पर्यो थाहा भएन भनी उल्लेख गरेको अवस्था समेतबाट पुष्टि भैरहेको छ। तसर्थ शुरु निर्माणकै क्रममा यी प्रतिवादीहरुले एक आपसमा मिलेमतो, योजना र सल्लाहमा नाप समेतमा फरक पारी खुद भएको कामको परिमाण भन्दा बढी परिमाण देखाई तयार गरेको झुट्टा नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने समेतको बदनियतले निर्धारित शर्त र मापदण्ड विपरीतको निर्माण कार्यको निमित्त उपभोक्ता समितिलाई भुक्तानी दिएको तथ्य पुष्टि भैरहेको र सो तथ्यगत अवस्थालाई प्रतिवादीहरुले सप्रमाण खण्डन सहित पुष्टि गर्न सकेको अवस्थाको विद्यमानता समेत छैन ।यस्तो अवस्थामा निर्माणकै क्रममा नाप तथा निर्माणमै त्रुटियुक्त रहेको सडकको मोटाई वा स्वरुप शुरुमा ठिक रही समयान्तरमा परिवर्तन भएको भन्ने तथ्यहीन अनुमानका आधारमा चालु अवस्थामा रहेको सडकको मोटाई चार वर्षपछि सो सडकमा हिड्ने सवारी साधन तथा प्राकृतिक कारणबाट पनि यथास्थितिमा नरहनु स्वभाविक हुने भन्ने अपुष्ट र तथ्यहीन आधार लिई प्रतिवादीहरुलाई आरोप दाबीबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण देखिई बदरभागी रहेको । |